दर्ता न. १७०१८९

श्रीमान अध्यक्ष ज्यू
नेपाल स्टक एक्सेन्ज
सिंहदरवार, काठमाण्डौ

मिति: २०७८।०९।३०

बिषय:- दर्ता किताव वन्द गरिएको जानकारी सम्वन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस लिमिटेडको अधि मिति २०७८।०९।२० को संचालक समितिको बैठकले निर्णय गरी कम्पनिको बाह्रौं साधारण सभा मिति २०७८।१०।२१ गर्ने निर्णय गरेको र कम्पनीको साधारणसभाको लागी मिति २०७८।१०।०५ देखी मिति २०७८।१०।२१ अर्थात साधारणसभा सम्मको लागी शेयरधनी दर्ता किताप वन्द गर्ने निर्णय गरेकोले सो जानकारी दिएको ब्यहोरा अनुरोध छ ।

संलग्न कागजात

१ मिति २०७८।०९।२० को संचालक समिति बैठक ।

भवदिय

भिष्म निरौला
(कम्पनी सचिव)
ग्रिन लाईफ हाइड्रो पावर लि.

Board Meeting of Greenlife Hydropower Ltd.

greenlife
Hydro Power Ltd.

ग्रिनलाईफ हाइड्रो पावर लि.
संचालक समितिको बैठक
दर्ता न. १७०१८९/०६६/०६७
स्थान: कम्पनीको कार्यालय कमलपोखरी काठमाण्डौ
मिति: २०७८।०९।२०
समय: दिनको १२.०० बजे

आज उक्त मिति, समय र स्थानमा यस लि. को संचालक समितिको बैठक बोलाइएकोमा तल लेखिए अनुसारको संचालक समितिका पदाधिकारीहरुको उपस्थिति रहको छ ।

अध्यक्ष	श्रीमती याङचेन डोमा लामा
प्रबन्धक संचालक	श्री तेन्जिन जम्पे लामा
संचालक सदस्य	श्री धर्मेन्द्र अग्रवाल
संचालक सदस्य	श्री भुषण थापा
संचालक सदस्य	श्रीमती केसाङ्ग दिकि लामा
संचालक सदस्य	श्री छेतेन वाङ्गेल खाङकर लामा

आजको बैठकमा माथि उपस्थितीको गणना गर्दा बैठक बस्न गणपुरक संख्या पुगेकोले संचालक समितिका अध्यक्ष श्रीमती याङचेन डोमा लामाज्यूको अध्यक्षतामा बैठकको संचालन भयो । बैठकमा तल उल्लेखित प्रस्तावहरु माथि छलफल गरी निम्न लेखिएका निर्णयहरु गरियो ।

प्रस्तावहरु

१. आ.व.०७७।०७८ को लेखापरीक्षण प्रतिवेदन सम्वन्धमा ।
२ दफा ७८ पारित गर्ने सम्वन्धमा ।
३ दर्ता किताव बन्द गर्ने सम्वन्धमा ।
४ निर्वाचन अधिकृत चयन गर्ने सम्वन्धमा ।
५ संचालकको बैठक भत्ता निर्धारण गर्ने सम्वन्धमा ।
६ संचालकको तलब सुविधा निर्धारण गर्ने सम्वन्धमा ।
७. आ.व.०७७।०७८ साधारण सभा बोलाउने सम्वन्धमा ।
८ साधारण सभामा प्रस्तुत हुने विषयवस्तु निर्धारण गर्ने सम्वन्धमा ।
९ संचालक समिति निर्वाचन निर्देशिका स्विकृत गर्ने सम्वन्धमा ।
१० बिबिध ।

greenlife Hydro Power Ltd.

निर्णयहरु

निर्णय नं. १.

प्रस्ताव नं. १ उपर छलफल गर्दा यस अघिको साधारण सभाले आ.व. ०७७।७८ का लागी नियूक्त गरिएका लेखापरीक्षक श्री क्षितिज शर्मा एण्ड एसोसिएट्सका लेखापरीक्षक सि.ए. क्षितिज शर्माले कम्पनी समक्ष पेश गर्नुभएको लेखापरीक्षण प्रतिबेदनमा छलफल हुदाँ त्यस्लाई समर्थन गरी साधारण सभामा पारित गर्नको लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २.

प्रस्ताव नं. २ उपर छलफल गर्दा आ.व. ०७७।७८ को दफा ७८ को विवरण तयार भएको सो लाई समर्थन गरी आ.व. ०७७।७८ को दफा ७८ बमोजिमको विवरण श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३.

प्रस्ताव नं. ५ मा छलफल गर्दा कम्पनी ऐन बमोजिम मिति २०७८।१०।५ देखि साधारणसभा नभए सम्म अर्थात मिति २०७८।१०।२१ सम्म शेयरधनी दर्ता किताव वन्द गर्ने निर्णय गरियो ।

निर्णय नं. ४.

प्रस्ताव नं. ४ मा छलफल गर्दा यो कम्पनीको यस बाह्रौं साधारणसभा संचालक समितको समेत निर्बाचन गर्नु पर्ने भएकोले सो निर्बाचनमा अधिवक्ता छविलाल घिमिरेलाई पारिश्रमिक रु ५०,००० (पचास हजार रुपयाँ) भुक्तनि दिने गरी निर्वाचन अधिकृतमा नियूक्ति गने निर्णय गरियो ।

निर्णय नं. ५.

प्रस्ताव नं. ५ मा छलफल गर्दा संचालक समितिमा संचालक उपस्थित हुँदा संचालक अध्यक्षले प्रति बैठक रु १२,००० (बाह् हजार रुपयाँ मात्र) र संचालकलाई प्रति बैठक रु १०,००० - दश हजार रुपयाँ मात्र) भक्ता निर्धारण गर्ने र सो बिषयलाई पारीत गर्न आगामि बाहँ् साधारणसभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६.

प्रस्ताव नं. ६ मा छलफल गर्दा संचालक समितिको तर्फबाट कम्पनीमा पुर्ण समय दिएर काम गर्नुहुने तपशिल बमोजिमको संचालकहरुलाई २०७६ श्रावण देखी निम्न अनुसार पारिश्रमिक संचालक समितिको निणर्य बमोजिम प्रदान गरिएकोमा सो प्रस्ताव समर्थन गर्नको लागी आगामि बाह्रौ साधारणसभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

कस.	संचालकको नाम	मासिक तलब	कैफियत
१	श्री तेन्जिन जम्पे लामा	रु २,२५,०००/-	
२	श्री भुषण थापा	रु २,००,०००/-	
३	श्रीमती केसाङ्ग दिकि लामा	रु २,००,०००/-	

निर्णय नं. ७

प्रस्ताव नं. ७ उपर छलफल गर्दा आ.व. ०७७।०७८ को कम्पनीको बाह्रौ साधारण सभा निम्न मितिमा तोक्ने निर्णय गरियो । सो साधारणसभामा हाल उत्पन्न परिस्थीतिको कारण तथा नेपाल सरकारबाट निर्दिष्ट सामाजिक दरि कायम गर्नुपर्ने भएकोले WEBINAR मार्फतवा आउन चाहने शेयरधनीलाई होटल आम्रपाली बालुवाटारमा साधारण सभा सम्पन्न गर्न कम्पनीको WEBINAR ADDRESS शेयरधनी माहानुभावलाई उपलब्ध गराउन संचारका बिभिन्न माध्यम प्रयोग गरी निमन्त्रण गर्ने र राष्ट्रिय संचार माध्यममा समेत सुचना प्रसारण गर्ने निर्णय गरियो ।

कार्यक्रम

मिति: २०७८।१०।२१

स्थान: आम्रापाली ब्याङकेट बालुवाटार काठमाण्डौ (सभामा सहभागी हुन चाहने शेयरधनीहरुलाई ZOOM ID, Password उपलब्ध गराईने छ)

समय: बिहान ११.०० बजे

स्थान: आम्रापाली ब्याङकेट बालुवाटार काठमाण्डौ

निर्णय नं. ८.

प्रस्ताव नं. ८ उपर छलफल गर्दा बाह्रैं साधारणसभामा निम्न प्रस्तावहरु पेश गर्ने निर्णय गरियो ।

१. कम्पनीको संचालक समितिको तर्फबाट अध्यक्षले प्रस्तुत गर्ने आ.व. ०७७।०७८ (बाह्रौं) बार्षिक प्रतिवेदन माथी छलफल गरि पारित गर्ने ।
२. आ.व. २०७७/०७८ को लेखापरिक्षण प्रतिवेदन सहितको वासलात तथा मिति २०७७।०४।०१ गते देखी मिति २०७८।०३।३१ गते सम्मको नाफा नोक्सान हिसाब तथा सम्वन्धित अनुसुची छलफल गरी पारीत गर्ने ।
३. आर्थिक वर्ष ०७८।०७९ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ती एवं निजको पारीश्रमिक निर्धारण गर्ने ।
४ ०७७।०७८ को लागी संचालक समितिले निर्णय गरी श्री कम्पनी रजिष्टारको कार्यालयबाट मिति २०७८।०९।०५ मा नियुक्त भएका लेखापरिक्षक छितिज शर्मा एण्ड एशोसिएटस् का लेखापरिक्षक सि.ए. छितिज शर्माको नियूक्ती तथा पारिश्रमिक अनुमोदन गर्ने सम्वन्धमा ।
५ संचालकहरुको पारिश्रमिक अनुमोदन गर्ने सम्वन्धमा ।
६ संचालकहरुको बैठक भत्ता सिफारिस गर्ने सम्वन्धमा ।

greenlife Hydro Power Ltd.

७ कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा (ख) का सम्वन्धमा बिशेष प्रस्ताव ।

८ कम्पनीको सस्थापक समुहरुवाट ५ जना तथा सर्बसाधरण समुह (ख) वाट २ जना संचालक नियुक्त गर्ने सम्वन्धमा ।

९ बिविध ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ मा बिबिध विषयका सम्वन्धमा संचालकले कम्पनीमा दिएको सापटी फिर्ता गर्ने प्रकृया गर्ने निर्णय गर्दै उपस्थित सबैलाई धन्यवाद दिंदै अध्यक्षले आजको बैठक समाप्त भएको घोषण गर्नुभयो ।

Board Minute